# जिल्ला समन्वय समितिको कार्यालय, धनकुटा

फोन नं. ०२६-५२१-२२३,२२४,२२५,०२१
इमेल: ddc.dhankuta.mofald@gmail.com

प्रदेश नं. १, नेपाल


प.सं : २०७९/०८०
च.नं १८

मिति : २०७९/०७/१५

**विषय : २०७९ श्रावण, भाद्र र आश्विन महिनामा सम्पादित क्रियाकलाप विवरण पठाइएको ।**

श्री राष्ट्रिय सूचना आयोग
नयाँबानेश्वर, काठमाण्डौं ।

प्रस्तुत विषयमा मिति २०७९ श्रावण, भाद्र र आश्विन महिनामा यस जिल्ला समन्वय समितिको कार्यालय, धनकुटाबाट सम्पादन भएका क्रियाकलापहरुको विवरण सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिम सार्वजनिक गरिएको विवरण पाना- ७ बसी पत्रासाथ संलग्न राखी ताहाँ पठाइएको व्यहोरा अनुरोध छ ।

(सफल पोर्तेल)
जिल्ला समन्वय अधिकारी

बोधार्थ
श्री जिल्ला प्रशासन कार्यालय, धनकुटा ।

जिल्ला समन्वय अधिकारी

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिम सार्वजनिक गरिएको विवरण

२०७९ साल श्रावण, भाद्र र आश्विन महिनामा सम्पादित क्रियाकलाप विवरण

जिल्ला समन्वय समितिको कार्यालय, धनकुटा

०७९।६।१८
(सूचना अधिकारी)

**जिल्ला समन्वय समितिको परिचय:**

नेपालको संविधानको धारा २२० मा व्यवस्था भए बमोजिम र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा जिल्ला सभा ऐन, २०७५ मा भएको कानुनी व्यवस्था अनुरुप जिल्ला सभा तथा जिल्ला समन्वय समिति गठन भइ सञ्चालनमा रही आएको छ।

**१. जिल्ला सभा र जिल्ला समन्वय समिति (नेपालको संविधान धारा २२० बमोजिम)**

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरु बिच समन्वय गर्न एक जिल्ला सभा रहने,
- जिल्ला सभामा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख सदस्य रहने,
- जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तिमा ३ जना महिला र १ जना दलित वा अल्पसंख्यक सहित बढीमा ९ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने,
- सम्बन्धित जिल्ला भित्रको गाउँ सभा र नगर सभाको सदस्य जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको उमेदार हुने

**२. जिल्ला सभाको काम कर्तव्य र अधिकार**

- जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
- विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्ने, सोको अनुगमन गर्ने,
- जिल्लामा रहने संघीय, प्रदेश सरकारी कार्यालय तथा गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
- प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने,

**३. स्थानीय सरकार सञ्चालन ऐन अनुसार जिल्ला सभा र जिल्ला समन्वय समितिका काम, कर्तव्य र अधिकार**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ९२ अनुसार प्रदेश कानुनले अन्यथा व्यवस्था नगरेसम्मको लागि नेपालको संविधानको धारा २२० को उपधारा (७) मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको।

क) जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाबीचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,

ख) जिल्लाभित्रका सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माणसम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत वा पर्यावरणिय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,

ग) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासका लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,

घ) जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच समन्वय गर्ने,

ङ) जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबीच कुनै विवाद उत्पन्न भएमा सो को समाधानका लागि समन्वय तथा सहजिकरण गर्ने,

च) जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,

छ) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैर सरकारी संघ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

ज) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धीत गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने,

झ) आफ्नो काम कारवाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,

ञ) जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तिमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद-सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,

ट) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने।

**४. जिल्ला सभा ऐन, २०७५ अनुसार जिल्ला सभाका काम, कर्तव्य र अधिकारहरु:-**

- नेपालको संविधान र यो ऐन बमोजिम जिल्ला सभाले सम्पादन गर्नुपर्ने सम्पूर्ण कार्य जिल्ला समन्वय समितिले गर्नेछ भनि जिल्ला सभा ऐन, २०७५ को दफा ६ मा व्यवस्था भए अनुसार जिल्ला सभा तथा जिल्ला समन्वय समितिका काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन्।

-ऐनको दफा ३ बमोजिमका काम, कर्तव्य र अधिकारहरु:-

नेपालको संविधानको धारा २२० को उपधारा (७) का अतिरिक्त जिल्ला सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) विकास कार्यमा समन्वय

ख)अनुगमन कार्य

ग) सूचना तथ्याङ्क तथा अभिलेख व्यवस्थापन कार्य

घ) क्षमता विकास कार्य

ङ) व्यवस्थापन कार्य

च) प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी कार्य

छ) भाषा, कला र संस्कृति संरक्षण तथा प्रवर्द्धनसम्बन्धी कार्य

-ऐनको दफा ४ बमोजिमका अन्य कार्य अन्तर्गत जिल्ला सभाले आफ्नो जिल्लामा भएका पूर्वाधार विकास तथा सेवा प्रवाहका सम्बन्धमा अनियमित ढंगले काम गरेको पाइएमा सम्बन्धित निकायलाई आवश्यक कारवाहीको लागि सिफारिस गर्न सक्नेछ र त्यस्तो निकायले यसरी सिफारिस भई आएको विषयमा तत्काल जाँचबुझ गरी आवश्यक कारवाही अगाडी बढाउनु पर्नेछ र सो को जानकारी सम्बन्धित जिल्ला समन्वय समितिलाई दिनुपर्नेछ भन्ने व्यवस्था रहेको।

**५. जिल्ला समन्वय समितिको पदाधिकारी विवरण:**

जिल्ला समन्वय समिति प्रमुख - १

जिल्ला समन्वय समिति उपप्रमुख - १

जिल्ला समन्वय समिति सदस्य - ७

जम्मा - ९ जना

६. जिल्ला समन्वय समितिको कार्यालय, धनकुटाको दरबन्दी तथा हाल कार्यरत विवरण:

| क्र.स. | पद | श्रेणी | सेवा | समूह | दरबन्दी संख्या | पदपूर्तिको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी | रा.प.द्वितीय | प्रशासन | सा.प्र. | १ | १ | |
| २ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | १ | ० | |
| ३ | इन्जिनियर | रा.प.तृतीय | इन्जि. | सिभिल | १ | ० | |
| ४ | नायब सुब्बा | रा.प.अन.प्रथम | प्रशासन | सा.प्र. | १ | १ | |
| ५ | लेखापाल | रा.प.अन.प्रथम | प्रशासन | लेखा | १ | ० | |
| ६ | सब इन्जिनियर | रा.प.अन.प्रथम | इन्जि. | सिभिल | १ | ० | |
| ७ | खरिदार | रा.प.अन.द्वितीय | प्रशासन | सा.प्र. | १ | १ | |
| ८ | कार्यालय सहयोगी | श्रेणीविहिन | | | ३ | २ | करार |
| ९ | ह.स.चा. | श्रेणीविहिन | | | ३ | २ | करार |
| | | जम्मा | | | १३ | ७ | |
| १० | नायब सुब्बा | रा.प.अन.प्रथम | | | १ | १ | करार ([illegible] सचिवस्तरबाट) |
| ११ | लेखापाल | सहायकस्तर पाँचौं | प्रशासन | लेखा | | १ | अस्थायी (सर्वोच्च अदालतबाट मुद्दा फैसला भई पदपूर्तिको प्रक्रियामा रहेको) |
| १२ | चौकीदार (सुरक्षा गार्ड) | श्रेणीविहिन | | | | २ | करार |
| १३ | सरसफाईकर्मी | | | | | १ | करार |

७. जिल्ला समन्वय समितिको कार्यालय, धनकुटाको संगठन संरचना:



८. ऐन, नियम र निर्देशिकाहरुको विवरण:

नेपालको संविधानको अतिरिक्त हाल सम्म जिल्ला सभा तथा जिल्ला समन्वय समितिलाई देहाय बमोजिम ऐन नियम र निर्देशिकाहरुले निर्देशित गरेको छ।

क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

ख) जिल्ला सभा ऐन, २०७५

ग) जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५

घ) जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५

उपरोक्त ऐन नियमका अतिरिक्त संघीय सरकार एवं प्रदेश सरकारद्वारा जारी भएका ऐन नियमहरु कार्यान्वयन गर्नु यस कार्यालयको दायित्व रहेको छ।

९. क्रियाकलाप विवरण:

क) मिति २०७९/०३/१३ गते बसेको जिल्ला सभा बैठकका निर्णयहरु कार्यान्वयनका लागि यस कार्यालयबाट मिति २०७९/०४/१० गतेका दिन निर्णय कार्यान्वयनसँग सम्बन्धित निकायहरु (जिल्लास्थित सातवटै स्थानीय तहहरु, प्राकृतिक श्रोत व्यवस्थापन कलेज पाख्रीबास, जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय इकाई लगायत जिल्लास्थित सबै कार्यालयहरु) लाई सभाबाट भएका निर्णय कार्यान्वयका लागि पत्राचार गरिएको।

ख) ढुङ्गा, गिट्टी था बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ९ (१) बमोजिम नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री सम्बन्धी प्रक्रियाको अनुगमन गर्नका लागि गठित नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिका संयोजक जिल्ला समन्वय समिति धनकुटाका प्रमुख श्री निरेन तामाङज्यूको अध्यक्षतामा मिति २०७९/०४/१५ गते बैठक बसी स्थानीय तहहरुले आ.व. २०७९/०८० का नदीजन्य पदार्थको ठेक्का लगाउँदा ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को पूर्ण पालना हुने गरी ठेक्का लगाउन सम्बन्धित सबै स्थानीय तहहरुलाई निर्देशन दिने लगायतका निर्णय भएको हुँदा उक्त बैठकबाट भएका निर्णय कार्यान्वयनका लागि सम्बन्धित सबैलाई पत्राचार गरिएको।

ग) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० मा " सार्वजनिक पदधारण गरेको व्यक्तिले त्यस्तो पदधारण गरेको मितिले ६० दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नुपर्नेछ" भन्ने कानुनी व्यवस्था अनुसार जिल्ला समन्वय समितिका नव निर्वाचित पदाधिकारीहरु तथा यस कार्यालयमा कार्यरत अस्थायी तथा करार कर्मचारीहरुले नियुक्ति भएको मितिले ६० दिनभित्र पेश गर्नुपर्ने सम्पत्ति विवरण र आ.व. २०७८/०७९ (आ.व. समाप्त भएको मितिले ६० दिनभित्र पेश गर्नुपर्ने सम्पत्ति विवरण) को सम्पत्ति विवरण यस कार्यालयमा नियमानुसार दर्ता गरी राष्ट्रिय सतर्कता केन्द्रद्वारा तयार पारिएको अनलाईन सफ्टवेयरमा प्रविष्ठी गरी सफ्टवेयरको विवरण प्रिन्ट समेत गरी प्रिन्ट गरिएको विवरण सहित दर्ता भएका खामबन्दी सम्पत्ति विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. १ विराटनगरमा तोकिएको म्यादभित्र पेश गरिएको।

घ) मिति २०७६/०४/१६ को नेपाल सरकार (मन्त्रिपरिषद्) बैठकको निर्णयानुसार एवं सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (आन्तरिक व्यवस्थापन शाखा) सिंहदरबार, काठमाण्डौको च.नं. २०० मिति २०७६/०४/३० र च.नं. २१५ मिति २०७६/०५/०४ मा कार्य सम्पादन मूल्यांकन गर्ने सम्बन्धमा भएको परिपत्र अनुसार नै आ.व. २०७८/०७९ को कार्यसम्पादन मूल्यांकन गर्नु गराउनुहुन भनि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवा काठमाण्डौंको च.नं. २४९६ मिति २०७९/०३/२९ को पत्रमार्फत लेखी आए बमोजिम यस जिल्लाका सात वटै स्थानीय तहमा समायोजन भइ कार्यरत रहेका सहायकस्तर पाँचौं र अधिकृतस्तरका कर्मचारीहरुको आ.व. २०७८/०७९ को कार्यसम्पादन मूल्यांकनका लागि सुपरिवेक्षकको मूल्यांकन पश्चात पुनरावलोकनकर्ता र पुनरावलोकन समितिको मूल्याङ्कनका लागि यस जिल्लाका सातवटै स्थानीय तहबाट पेश भएका का.स.मू.फारामहरु मिति २०७९ भाद्र १५ गतेभित्र पुनरावलोकनकर्ताको मुल्याङ्कन र मिति २०७९ भाद्र मसान्तभित्रमा पुनरावलोकन समितिको मूल्याङ्कन गर्ने कार्य सम्पन्न भएको।

ङ) जिल्ला समन्वय समिति, धनकुटाको मिति २०७९/०५/२२ को बैठकको निर्णयानुसार जिल्ला समन्वय समितिको तर्फबाट जिल्लाका सबै स्थानीय तहहरुमा आवश्यक समन्वय र अनुगमनका लागि सम्बन्धित स्थानीय तहबाट जिल्ला समन्वय समितिमा प्रतिनिधित्व गर्नुहुने पदाधिकारीज्यूहरुलाई सम्बन्धित स्थानीय तह स्तरमा कार्यक्षेत्र तोक्ने निर्णय भए अनुसार यस जिल्ला समन्वय समिति धनकुटाका पदाधिकारीज्यूहरुलाई उहाँहरुले प्रतिनिधित्व गर्नुभएको स्थानीय तहमा आवश्यक समन्वय र अनुगमनका लागि कार्यक्षेत्र तोकि सम्बन्धित स्थानीय तहमा पत्राचार गरिएको।

च) प्रदेश प्रशिक्षण केन्द्र, कलवलगुरी, झापाको आयोजनामा एवं यस कार्यालयको समन्वयमा जिल्लास्थित सबै नगरपालिका/गाउँपालिकाका नव निर्वाचित वडाध्यक्षहरुलाई मिति २०७९/०५/०८,०९ र १० गतेका दिन तीन दिने अभिमुखिकरण कार्यक्रम ससञ्चालन गरिएको।

छ) प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सञ्चालन) कार्यविधि, २०७८ बमोजिम छनौट भइ सम्बन्धित स्थानीय तहमा कार्यान्वयन भएका आयोजना/कार्यक्रमहरुको सम्बन्धित स्थानीय तहबाट प्राप्त भएको प्रगति विवरणबाट जिल्लाभरिको एकीकृत प्रतिवेदन तयार गरी श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा पठाउने कार्य सम्पन्न गरिएको।

**१०. आम्दानी, खर्च तथा तथा आर्थिक कारोवार सम्बन्धि विवरण:**

यस आ.व.मा यस कार्यालयलाई संघीय सरकारबाट देहाय बमोजिम बजेट प्राप्त भइ खर्च भएको छ।

**क) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त बजेटको खर्च विवरण:**

| क्र.सं. | खर्च शीर्षक | प्राप्त बजेट | २०७९ आश्विन मसान्तसम्मको खर्च |
|---|---|---|---|
| १ | कर्मचारी र पदाधिकारीहरुको तलव/ पारिश्रमिक तथा विभिन्न भत्ता | ९७,२४,०००।०० | २४,३३,९९१।३० |
| २ | करार सेवा शुल्क- निजी सचिवालय | ४,२६,०००।०० | १,४७,७१०।०० |
| ३ | अनुगमन तथा भ्रमण खर्च | ७,५२,०००।०० | ९९,०२०।०० |
| ४ | कार्यक्रम खर्च (समीक्षा बैठक सहित) | ४,०१,०००।०० | ०।०० |
| ५ | अनिवार्य दायित्व सहितका कार्यालय सञ्चालन खर्च | २५,३२,०००।०० | ६,४८,२००।०० |
| जम्मा | | १,३८,३५,०००।०० | ३३,२८,०४९।३० |

**११. अन्य आन्तरिक आम्दानी विवरण:००**